| क्र.सं. | आ.व. | बाली | पालिका र वडा | क्षेत्रफल हे. | जम्मा बजेट रु. | खर्च भएको बजेट रु. | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७९/०८० | वर्षे धान | कालिकामाई गा.पा.१, पोखरिया न.पा.२, | | ६४४०००० | २२१५०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बिरगंज म.न.पा. १७, बिरगंज म.न.पा. २६ | | | | | |
| २ | २०७९/०८० | तरकारी | बहुदरमाई न.पा.-७, बहुदरमाई न.पा.-९, जगरनाथपुर गा.पा.-५ | | ८९६४७५० | ५४२४०० | | |

**जिल्लाः महोत्तरी**

| क्र.सं. | आ.व. | बाली | पालिका र वडा | क्षेत्रफल हे. | जम्मा बजेट रु. | खर्च भएको बजेट रु. | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७७/०७८ | दलहन | महोत्तरी गा.पा.-५ | १०० | २६६०००० | २४००००० | साना सिंचाई कार्यक्रम, दलहन बीउ, कृषि यन्त्र उपकरण | |
| २ | २०७७/०७८ | तरकारी | बलवा न.पा.-१० र ११ | ८० | २६६०००० | २४००००० | साना सिंचाई कार्यक्रम, डिजिटल तराजु, स्प्रेयर, कृषि यन्त्र उपकरण | |
| ३ | २०७७/०७८ | धान | रामगोपालपुर न.पा.-५ | १५० | २६६०००० | २२९३५७९ | साना सिंचाई कार्यक्रम, विषादी, स्प्रेयर, | |
| ४ | २०७७/०७८ | आँप | पिपरा गा.पा.-४ | १०० | २६६०००० | १३९४१६८ | साना सिंचाई कार्यक्रम, विषादी, स्प्रेयर, | |
| ५ | २०७७/०७८ | आँप | गौशला न.पा. १० र ११ | १०० | २६६०००० | १६८१४७५ | साना सिंचाई कार्यक्रम, पावर स्प्रेयर, गटोर स्प्रेयर, न्यापस्याक स्प्रेयर। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २०७८/०७९ | दलहन | महोत्तरी गा.पा.-५ | १०० | १२५२००० | ११९९४५१ | साना सिंचाई कार्यक्रम, दलहन बीउ, कृषि यन्त्र उपकरण | २०७७०७८/ मा संचालन भएको ब्लकको निरन्तरता |
| ७ | २०७८/०७९ | तरकारी | बलवा न.पा.-१० र ११ | ८० | १२५२००० | ११७३४५० | साना सिंचाई कार्यक्रम, डिजिटल तराजु, स्प्रेयर, कृषि यन्त्र उपकरण | |
| ८ | २०७८/०७९ | धान | रामगोपालपुर न.पा.-५ | १५० | १२५२००० | ११३८५५१ | साना सिंचाई कार्यक्रम, विषादी, स्प्रेयर, | |
| ९ | २०७८/०७९ | आँप | पिपरा गा.पा.-४ | १०० | १२५२००० | ७७७५२१ | साना सिंचाई कार्यक्रम, विषादी, स्प्रेयर, | |
| १० | २०७८/०७९ | आँप | गौशला न.पा. १० र ११ | १०० | १२५२००० | ० | | |
| ११ | २०७८/०७९ | आँप | महोत्तरी-४ | १०० | २५००००० | २३७१०७९ | आँप बिरुवा, आँप खेती सम्बन्धी सामग्री छपाई, विद्युतीय मोटर, प्राङ्गारिक मल, डिजिटल तराजु, | |
| १२ | २०७८/०७९ | आँप | भंगहा-४ | १०० | २५००००० | १८९०५४८ | साना सिचाई कार्यक्रम, आँप बिरुवा, कृषि यन्त्र उपकरण, डिजिटल तराजु | |
| १३ | २०७८/०७९ | मकै | बर्दिबास न.पा. | १५० | २५००००० | २३५७७४९ | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | २०७८/०७९ | गहुँ | सम्सी-४ | १५० | २५००००० | २०५६२६३ | गहुँ बीउ, साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| १५ | २०७८/०७९ | गहुँ | मनरासीसवा-७ | १५० | २५००००० | २२४७२८१ | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| १६ | २०७८/०७९ | तरकारी | रामगोपालपुर-१ | ८० | २५००००० | १७०७९२४ | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| १७ | २०७८/०७९ | धान | बल्वा-४ | १५० | २५००००० | १९७६५६८ | साना सिचाई कार्यक्रम, धान दिवस, स्प्रेयर | |
| १८ | २०७८/०७९ | धान | सोनमा-४ | १५० | २५००००० | १२०७२०३ | साना सिचाई कार्यक्रम, धान बीउ, डिजिटल तराजु | |
| १९ | २०७८/०७९ | धान | लोहारपट्टी-४ | १५० | २५००००० | १९३६२४२ | साना सिचाई कार्यक्रम, धान बीउ, डिजिटल तराजु | |
| २० | २०७९/०८० | आँप | महोत्तरी-४ | १०० | १२४८००० | ११९०५५४ | आँप बिरुवा, आँप खेती सम्बन्धी सामग्री छपाई, विद्युतीय मोटर, प्राङ्गारिक मल, डिजिटल तराजु, | २०७८/०७९मा संचालन भएको ब्लकको निरन्तरता |
| २१ | २०७९/०८० | आँप | भंगहा-४ | १०० | १२४८००० | ११९५६०८ | साना सिचाई कार्यक्रम, आँप बिरुवा, कृषि यन्त्र उपकरण, डिजिटल तराजु | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | २०७९/०८० | मकै | बर्दिबास न.पा. | १५० | १२४८००० | १२४८००० | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| २३ | २०७९/०८० | गहुँ | सम्सी-४ | १५० | १२४७५०० | १२३०००० | गहुँ बीउ, साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| २४ | २०७९/०८० | गहुँ | मनरासीसवा-७ | १५० | १२४७५०० | १२३५००० | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| २५ | २०७९/०८० | तरकारी | रामगोपालपुर-१ | ८० | १२४८००० | ११७९५८८ | साना सिचाई कार्यक्रम, डिजिटल तराजु | |
| २६ | २०७९/०८० | धान | बल्वा-४ | १५० | १२४८००० | १२४८००० | साना सिचाई कार्यक्रम, धान दिवस, स्प्रेयर | |
| २७ | २०७९/०८० | धान | सोनमा-४ | १५० | १२४८००० | १२४८००० | साना सिचाई कार्यक्रम, धान बीउ, डिजिटल तराजु | |
| २८ | २०७९/०८० | धान | लोहारपट्टी-४ | १५० | १२४८००० | १०५२७३९ | साना सिचाई कार्यक्रम, धान बीउ, डिजिटल तराजु | |

**जिल्लाः सप्तरी**

| क्र.सं. | आ.व. | बाली | पालिका र वडा | क्षेत्रफल हे. | जम्मा बजेट रु. | खर्च भएको बजेट रु. | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७३/०७४ र २०७४/०७५ | खाद्यान्न (धान र गहुँ) | सप्तकोशी-६ | १०० | २४००००० | २२५० | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तरकारी | विष्णुपुर-४ | १०० | | | विउ वितरण,क्यारेट वितरण सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| २ | २०७५/०७६ | तरकारी | महदेवा-३, बेदेबर्साईन-१० | २०० | ३६००००० | ३४५०००० | विउ वितरण,क्यारेट वितरण सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | आँप | कञ्चनरुप-९ र १२ | १०० | | | वेर्ना वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| ३ | २०७६/०७७ | खाद्यान्न (धान र गहुँ) | अग्निशार कृष्णसवरण-६ | १०० | २४००००० | २४००००० | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | केरा | ह.क.न.पा.-१ | १०० | | | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| ४ | २०७७/०७८ | खाद्यान्न (धान र गहुँ) | रुपनि-१, बोदेबर्साईन-३, कञ्चनपुर-१०, महदेवा-२, डाक्नेश्वरी-१०, तिरहुत-४, छिन्नमस्ता- | १३०० | ४०००००० | ३६०००००० | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३,सुरुङ्गा-७, ससकोशी-१, बलान बिहुल-५, राजगढ-४, खडक-७ | | | | | |
| | | केरा | ह.क.न.पा.-१ | ११० | | | वेर्ना वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | तरकारी | राजविराज-९, विण्णुपुर-४, अग्निशार कृष्णसवरण-१, शंभुनाथ-२, ति.को ४ | ६०० | | | विउ वितरण,क्यारेट वितरण सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| ५ | २०७८/०७९ | खाद्यान्न (धान र गहुँ) | रुपनि-१, बोदेबर्साईन-३, कञ्चनपुर-१०, महदेवा-२, डाक्नेश्वरी-१० | ६५० | ३७९००००० | ३५८००००० | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | तरकारी | सम्भुनाथ-२, ससकोशी-८, राजगढ-१ ह.कन.पा-४ | ६५० | | | विउ वितरण,क्यारेट वितरण सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | केरा | ह.कन.पा-२ | १२४ | | | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २०७९/०८० | खाद्यान्न (धान र गहुँ) | राजविराज-१०, अग्निशार कृष्णसवरण-१, राजविराज-११ | ३०० | ७४८८००० | ७४६८००० | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | तरकारी | महदेवा-२ र ३ | २०० | | | विउ वितरण,क्यारेट वितरण सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | केरा | ह.क.न.पा-२ | १३१ | | | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |
| | | आँप | सुरुङ्गा-५ | १२९ | | | विउ वितरण, सिँचाई ब्यवस्थापन, स्पेयर वितरण | |

जिल्लाः बारा

| क्र. सं. | आ.व. | बाली | पालिका र वडा | क्षेत्रफल | जम्मा बजेट रु. | खर्च भएको बजेट रु. | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७६/०७७ | धान | करैयामाई | १५० | ४०००००० | ३५८७००० | बीउ, जिङ्क, जाईम, विषादी, साना सिंचाई र कृषि यन्त्रउपकरणमा सहयोग | |
| २ | २०७६/०७७ | धान | कलैया-२६ | १५० | ३०००००० | २७३०००० | " | |
| ३ | २०७६/०७७ | धान | सुवर्ण -१,२,३,४ | १५० | ३०००००० | २०७१००० | " | |
| ४ | २०७७/०७८ | तरकारी | फेटा-१ | ८० | २०००००० | १९८०००० | " | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | २०७७/०७८ | तरकारी | विश्रामपुर-१ | ८२ | २००0000 | १८६0000 | " | |
| ६ | २०७७/०७८ | धान | आदर्शकोतवाल-१ | १५२ | २००0000 | १९६0000 | " | |
| ७ | २०७७/०७८ | धान | जितपुर सिमरा-१९ | १५० | २००0000 | १८१४000 | " | |
| ८ | २०७७/०७८ | धान | परवानिपुर-१ | १५० | २००0000 | १८७0000 | " | |
| ९ | २०७७/०७८ | धान | प्रसौनी-५,६ | १५५ | २५00000 | २२११000 | " | |
| १० | २०७७/०७८ | धान | महागढीमाई-८ | १५० | २५00000 | २३३८000 | " | |
| ११ | २०७७/०७८ | धान | कोल्हवी-४ | १६० | ३५00000 | ३४९0000 | " | |
| १२ | २०७७/०७८ | धान | बारागढी-२,३ | १५७ | २००0000 | १९५५000 | " | |
| १३ | २०७७/०७८ | धान | महागढीमाई-६,११ | १५० | २५00000 | २२९१000 | " | |
| १४ | २०७७/०७८ | गहुँ | देवताल-४,६ | १५० | २५00000 | २२९७000 | " | |
| १५ | २०७८/०७९ | तरकारी | सिम्रौनगढ-६ | ८५ | २५00000 | २४८४000 | " | |
| १६ | २०७८/०७९ | मकै | जितपुर सिमरा-९ | १५० | २५00000 | २४९७000 | " | |
| १७ | २०७८/०७९ | मकै | करेयामाई-१ | १५५ | २५00000 | २४५१000 | " | |
| १८ | २०७८/०७९ | धान | कोल्हवी-१ | १५० | २५00000 | २४४४000 | " | |
| १९ | २०८०/०८१ | धान | सिम्रौनगढ-६ | १५५ | २००0000 | १८९0000 | " | |
| २० | २०८२/०८३ | धान | बारागढी-१ | १५२ | २५00000 | २४०४000 | " | |

## परियोजना कार्यान्वयन अवस्था तथा हालसम्मका उपलब्धीहरु

### ४.१ राष्ट्रिय महत्त्वका प्राथमिकता प्राप्त बाली/वस्तुहरुः

परियोजनाले राष्ट्रिय महत्त्वका १५ मूल्य श्रृङ्खलाहरुमा कृषकलाई सहयोग उपलब्ध गराउदै आएको छ। परियोजनाले कार्यक्रम कार्यन्वयन गरिरहेका उक्त बाली/वस्तुहरु लाई देशको समग्र खाद्य तथा पोषण सुरक्षामा सहयोग पुर्याउन सक्ने, आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गर्न सक्ने सम्भाव्यताको आधारमा निम्नानुसारका तीन समूहमा वर्गीकरण गरी सोहि बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

**खाद्य तथा पोषण सुरक्षाका लागि आधारभूत बाली**

- धान
- गहुँ
- तरकारी
- आलु
- दलहन/तेलहन (भटमास, मुसुरो, तोरी, सिमी)
- दूध (गाई/भैंसी)

**आयात प्रतिस्थापन**

- मासु (भेडा/बाख्रा/च्याङ्ग्रा, बङ्गुर)
- सुन्तलाजातका फलफूल (सुन्तला, जुनार, कागती)
- मकै
- स्याउ/ओखर
- आँप

- निर्यात प्रवर्द्धन बाली (कफी, अलैंची, अदुवा/बेसार)
- मौरी

निर्यात प्रवर्द्धन

## ४.२ परियोजना अन्तर्गत हालसम्मका जोन/सुपरजोनहरुको विवरण

परियोजना सुरुवात देखी हालसम्म २१ वटा सुपरजोन र २०६ वटा जोन स्थापना भई जोन/सुपरजोन विकास कार्यक्रम सञ्चालनमा रहेका छन्। जोन/सुपरजोनहरुको जिल्लगत तथा बालीगत विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ।

| बाली/ वस्तु | जोन | | सुपरजोन | |
|---|---|---|---|---|
| | सङ्ख्या | जिल्ला | सङ्ख्या | जिल्ला |
| धान | २१ | सुनसरी, सिरहा, धनुषा, सर्लाही, रौतहट, चितवन, गोरखा, प्युठान, सल्यान, पर्वत, सप्तरी, बारा, पर्सा, नुवाकोट, मकवानपुर, तनहुँ, बाँके, कैलाली, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, महोत्तरी | ५ | झापा, कञ्चनपुर, कपिलवस्तु, बर्दिया, मोरङ्ग |
| मकै | १३ | झापा, खोटाङ, सिन्धुपाल्चोक, पर्वत, गुल्मी, रोल्पा, बाँके, बैतडी, धादिङ, ताप्लेजुङ, सर्लाही, गुल्मी, सुर्खेत, रुकुम पश्चिम | २ | दाङ, सर्लाही |

| | | | | |
|---|---|---|---|---|
| गहुँ | ३ | नवलपरासी पश्चिम, रुपन्देही, कञ्चनपुर | १ | कैलाली |
| बहुबाली | १ | उदयपुर | | |
| तरकारी | ३५ | धनकुटा, सुनसरी, महोत्तरी, पर्सा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, ललितपुर, तनहुँ, पाल्पा, कपिलवस्तु, रुकुम पश्चिम, अर्घखाँची, सुर्खेत, रौतहट, मोरङ, तेह्रथुम, खोटाङ, भक्तपुर, काठमाण्डौ, लमजुङ्ग, पर्वत, प्यूठान, सल्यान, बैतडी, झापा, बाँके, धनुषा, सर्लाही, बारा, दैलेख, डडेल्धुरा | २ | कास्की, नवलपरासी पुर्व |
| आलु | २० | ओखलढुंगा, रामेछाप, रसुवा, नुवाकोट, भक्तपुर, काठमाण्डौ, बाग्लुङ, दैलेख, बझाङ, अछाम, पाँचथर, दोलखा, गोरखा, मनाङ, म्याग्दि, रोल्पा, रुकुम पुर्व, मुस्ताङ, जुम्ला, रुपन्देही | २ | काभ्रेपलान्चोक, डडेल्धुरा |

| | | | | |
|---|---|---|---|---|
| दलहन बाली | ७ | मुगु, डडेल्धुरा, डोल्पा, जुम्ला, कालिकोट, बझाङ, जाजरकोट | | |
| तेलहन | २ | दाङ, कैलाली | | |
| स्याउ/ ओखर | १२ | मनाङ, मुस्ताङ, कालिकोट, डोल्पा, हुम्ला, दार्चुला, रुकुम पुर्व, सोलुखुम्बु, जाजरकोट, मुगु, बाजुरा, रुकुम पश्चिम | १ | जुम्ला |
| सुन्तलाजात | १८ | सोलुखुम्बु, उदयपुर, गोरखा, म्याग्दि, नवलपरासी पुर्व, गुल्मी, जाजरकोट, दैलेख, रामेछाप, धनकुटा, संखुवासभा, भोजपुर, पाल्पा, डोटी, दार्चुला, पाँचथर, अर्घाखाची, सल्यान | २ | सिन्धुली, स्याङ्जा |
| केरा | ४ | रौतहट, नवलपरासी पश्चिम, बर्दिया, बारा | १ | चितवन |
| आँप | ४ | ससरि, सिरहा, धनुषा, | | |
| किवी | ३ | इलाम, दोलखा, सोलुखुम्बु | | |
| अलैंची | ७ | ताप्लेजुङ, तेह्रथुम, पाँचथर, लम्जुङ, कास्की, इलाम, बागलुङ | १ | संखुवासभा |
| अदुवा/बेसार | १० | सोलुखुम्बु, उदयपुर, सुनसरी, स्याङ्जा, | | |

| | | | | |
|---|---|---|---|---|
| | | सल्यान, सुर्खेत, डोटी, सिन्धुलू र पाल्पा, प्युठान | | |
| कफी | १ | अर्घाखाँची | १ | गुल्मी |
| सुपारी | १ | झापा | | |
| रबार | १ | झापा | | |
| जैतुन | १ | बाजुरा | | |
| माछा | ११ | मोरङ, सुनसरी, महोत्तरी, कपिलवस्तु, सिरहा, बर्दिया, झापा, रौतहट, पर्सा, कैलाली, चितवन | ३ | धनुषा, बारा, रुपन्देही |
| बङ्गुर | २ | सुनसरी, म्याग्दी | | |
| गाई/भैंसी | १० | सप्तरी, इलाम, बारा, सिन्धुपाल्चोक, काभ्रे, ललितपुर, स्याङ्जा, सिरहा, कास्की, बर्दिया | | |
| भेडा/ बाख्रा/ च्याङ्ग्रा | १४ | रामेछाप, अर्घखाँची, दैलेख, अछाम, ओखलढुंगा, खोटाङ, रसुवा, मुस्ताङ, बागलुङ, गुल्मी, हुम्ला, उदयपुर, दाङ, धादिङ | | |
| मौरी | ४ | दाङ, चितवन, जाजरकोट, लमजुङ, मोरङ | | |
| **जम्मा** | २०६ | | २१ | |

## ४.३ बाली अनुसारको सुपरजोन/जोन विकास कार्यक्रम विवरण

| सुपरजोन | | जोन विकास | | | |
|---|---|---|---|---|---|
| बाली | सुपरजोन जम्मा | बाली | जोन जम्मा | बाली | जोन जम्मा |
| धान | ५ | धान | २१ | किवी | ३ |
| मकै | २ | मकै | १३ | अलैंची | ७ |
| गहुँ | १ | गहुँ | ३ | अदुवा/बेसार | १० |
| तरकारी | २ | बहुबाली | १ | कफी | १ |
| आलु | २ | तरकारी | ३५ | सुपारी | १ |
| स्याउ/ओखर | १ | आलु | २० | रबर | १ |
| सुन्तलाजात | २ | दलहन | ७ | जैतुन | १ |
| कफी | १ | तेलहन | २ | माछा | ११ |
| माछा | ३ | स्याउ/ओखर | १२ | गाई/भैंसी | १० |
| केरा | १ | सुन्तलाजात | १८ | बङ्गुर | २ |
| अलैंची | १ | केरा | ४ | भेडा/बाख्रा /च्याङ्ग्रा | १४ |
| **जम्मा** | २१ | आँप | ४ | मौरी | ५ |
| | | **जम्मा जोन संख्या** | | | २०६ |

## ४.४ परियोजनामा लगानी र खर्चको अवस्था (रकम रु. लाखमा)

परियोजना दस्तावेज बमोजिम परियोजनाको दश वर्षे अवधिको लागि कूल प्रक्षेपित बजेट खर्च १ खर्ब ३० अर्ब रहेको छ। परियोजनाको प्रक्षेपनको तुलनामा आ.व. २०८१/०८२ सम्मको यथार्थ विनियोजन ४८.६४ प्रतिशत मात्र रहेको छ।कुल विनियोजनको तुलनाम आ.व. २०८०/०८१ सम्ममा ६७.६४ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।परियोजनाको हालसम्मको विनियोजन र खर्च अवस्था तपसिल बमोजिम रहेको छ।

| क्र. सं. | विवरण | सङ्घिय निकाय | प्रदेश मन्त्रालय र अन्तर्गत | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रक्षेपण (२०७३/७४-२०८१/८२) | | | | १०९३०६२ |
| २ | विनियोजन (२०७३/७४-२०८०/८१) | २८१८६५ | १०७५८८ | १०५४३९ | ४९४८९२ |
| ३ | विनियोजन (२०७३/७४-२०८१/८२) | ३११७५० | १०८५६७ | १११३९१ | ५३१७०८ |
| ४ | प्रक्षेपणको तुलनामा विनियोजन प्रतिशत | | ० | ० | ४८.६४ |
| ५ | खर्च (२०७३/७४-२०८०/८१) | १९१७०६ | ६७०५७ | ७७४३५ | ३३४७८१ |
| ६ | विनियोजन (२०७३/७४-२०८०/८१)को तुलनामा खर्च प्रतिशत | ६८.०१ | ६२.३२ | ७३.४४ | ६७.६४ |

## ४.५ परियोजना कार्यानव्यनबाट हालसम्म प्राप्त उपलब्धिहरु (Output level Indicators):

परियोजना दस्तावेजले उल्लेख गरेका क्रियाकलाप तथा कार्यक्रमहरुको आधारमा निर्माण गरिएका सूचकको तुलनामा परियोजना कार्यान्वयनबाट आ.व. २०८०/८१ सम्ममा प्राप्त उपलब्धिहरुको सारांश निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| सूचक | उपलब्धि | सूचक | उपलब्धि |
|---|---|---|---|
| चकलाबन्दि खेती (हे.) | ७७०३ | चिस्यान घर | ७५ |
| प्राविधिक शिक्षालयसँगको सहकार्य | शिक्षालय ३१५ विद्यार्थी १३७४८ | रस्टिक स्टोर | ६८ |
| कृषि स्नातक इन्टर्न परिचालन | २८३३ | सेलार स्टोर | २२ |
| प्राथमिक प्रशोधन उद्योग | १३६ | गोदाम घर | २९ |
| सुधारिएको अलैंची भट्टी | ७५८ | सङ्कलन केन्द्र | २९८ |
| ढुवानी साधन | १२४ | कस्टम हायरिङ्ग सेन्टर | ६०८ |
| राइपेनिङ्ग च्याम्बर | १५ | कृषि यन्त्र उपकरण | ५४१८२+ |
| साना सिंचाइ | संख्याः१४८०२ क्षेत्रफलः३०६९४ हे. | फलफुल, तरकारी, मसलाबाली र घाँसेबाली नर्सरी | ५०१ |
| बीउ स्रोत केन्द्र | ८६ | माछा पोखरी निर्माण (हे.) | १८३० |
| पशु नस्ल श्रोत केन्द्र | ८६ | भकारो सुधार | ७०८० |
| मत्स्य ह्याचरी | ३२ | हाइटेक ग्रिन हाउस | १० |
| पशु नस्ल सुधार | १८९८ | सेमी हाइटेक ग्रिन हाउस | १२४ |
| बाख्रा भेडा/च्याङ्ग्रा खोर निर्माण | १५१३ | प्लाष्टिक टनेल निर्माण | ५४९५+ |
| पिविएस आलु उत्पादनका लागि स्क्रिन हाउस | ८ | खाद्यान्न बालीको क्षेत्रफल विस्तार (हे.) | ३१०९४ |

| | | | |
|---|---|---|---|
| टिस्युकल्चर ल्याब स्थापना | ४ | फलफुल बालीको क्षेत्रफल विस्तार (हे.) | ९०५२ |
| जैविक विषादी उत्पादन कारखाना | ८ | तरकारी बालीको क्षेत्रफल विस्तार (हे.) | ६२५३ |
| प्राङ्गारिक मल कारखाना | ८ | आलु बालीको क्षेत्रफल विस्तार (हे.) | ३३४१ |
| TMR उद्योग | २ | मसला बालीको क्षेत्रफल विस्तार (हे.) | २९६९ |
| जिउँदो माछा पसल | ६४ | दाल बालीको क्षेत्रफल विस्तार (हे.) | ७९३ |
| दुग्ध संकलन केन्द्र स्थापना एवम् सुदृढिकरण | २५ | कफी क्षेत्रफल विस्तार (हे.) | २७७ |
| उच्च घनत्व स्याउ रोपण (हे.) | ६२ | न्यूनतम समर्थन मूल्यमा धान खरिदमा सहजिकरण (हजार मे.टन) | ४० |

## ४.६ परियोजनामा क्षेत्रफल विस्तार, रोजगारी सृजना र लाभान्वित वर्गः

परियोजना कार्यान्वयन पश्चात राष्ट्रिय महत्त्वका बाली वस्तुको क्षेत्रफल विस्तार एउटा महत्त्वपूर्ण कार्य रहेको छ।परियोजना अवधिमा जोन/सुपरजोनले ढाकेको क्षेत्रफल १७१००० हे. पुर्याउने लक्ष्य रहेकोमा हालसम्म १५२००० हे. क्षेत्रफल विस्तार छ।

परियोजना सञ्चालनको १० वर्षमा पूर्ण र आंशिक गरि कुल ५६,४९,८७० रोजगारी सृजना हुने आँकलन गरिएकोमा आ.व.२०८०/८२ सम्ममा २१,५९,१४५ रोजगारी सृजना भएको छ।

परियोजनाबाट सञ्चालित विभिन्न कार्यक्रमबाट हालसम्म करिब १४ लाख ७० हजार घरधुरि लाभान्वित भई कृषि व्यवसायिकरणमा टेवा पुगेको छ। लाभान्वित वर्गमा महिलाको प्रतिशत ७.४९% र पुरुषको प्रतिशत २.५१% रहेको छ।

## ४.७ परियोजना कार्यान्वयनबाट प्राप्त सफल दिर्घकालिन प्रभाव र उपलब्धिहरुः

### ४.७.१ कृषि उत्पादन तथा कृषक आयमा वृद्धिः

**आ.व. २०७८/७९ मा बाली/वस्तुहरुले ढाकेको क्षेत्रफल/संख्या/उत्पादन**

| क्र. सं. | बाली/वस्तु | क्षेत्रफल (हे./संख्या) | उत्पादन (मे.टन) | राष्ट्रिय औसत उत्पादकत्व अनुसार हुने उत्पादन | परियोजनाबाट थप भएको उत्पादन |
|---|---|---|---|---|---|
| १ | धान | ९८४९९ | ४४६०६८ | ३४२०६८ | १०४००० |
| २ | गहुँ | ३८२६१ | १६३९३२ | १२०५९४ | ४३३३८ |
| ३ | मकै | ९००९ | ३७८४७ | २६९४७ | १०९०० |
| ४ | दलहन | ६९८७ | ९५०५ | ८५२९ | ९७६ |
| ५ | तेलहन | ३१२७ | ४८१८ | ३४४७ | १३७१ |
| ६ | तरकारी | ६५३६४ | १०९२८४५ | ९३६६१९ | १५६२२६ |
| ७ | आलु | ३०५५३ | ६४४५७२ | ५२५६४१ | ११८९३१ |
| ८ | स्याउ | ८८५७ | ८८६८५ | ७४८१७ | १३८६८ |
| ९ | सुन्तलाजात | १८०२० | १९२९५४ | १७०७११ | २२२४३ |
| १० | केरा | ६०३९ | १०६३५३ | ९५७३० | १०६२३ |
| ११ | आँप | ६४९६ | ८१९०८ | ७९८७७ | २०३१ |
| १२ | अलैंची | ८८३० | ६००७ | ४८१७ | ११९० |
| १३ | अदुवा/बेसार | ११४६३ | १७९२१८ | १४६९५२ | ३२२६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | दुध | ३६७०० | ५७०६० | ३२५९५ | २४४६५ |
| १५ | माछा | ७६९५ | ४३८३८ | ४०८६७ | २९७१ |
| १६ | मासु | ४८३५४८ | १७७८६ | १५२४३ | ३५४२ |
| १७ | मौरी घार | ७१७३६ | २५१० | १४८९ | १०२१ |
| परियोजनाको हस्तक्षेपबाट थप भएको उत्पादन (मे.टन) | | | | | |
| ५४९९६२ | | | | | |
| परियोजनाको थप उत्पादन (दुध,मासु र मह बाहेक) (मे.टन) | | | | | |
| ५२०९३४ | | | | | |
| अनुमानित मौद्रिक आय (ने.रु.) | | | | | |
| १७ अर्ब ४३ करोड | | | | | |

*स्रोतः परियोजनाको वार्षिक प्रतिवेदन २०७९/०८० र परियोजना सर्वेक्षण २०७९*

परियोजना मार्फत औसत ३ अर्ब बराबरको वार्षिक सहयोग एवम् लगानि बाट वार्षिक रु. १७ अर्ब ४३ करोड बराबरको कृषि उपजको थप उत्पादन हुने गरेको देखिएको छ।

### ४.७.२ प्रविधि प्रसारः

परियोजनाको सहयोगमा सञ्चालित विभिन्न क्रियाकलाप एवम् कार्यक्रमले आधुनिक एवम् नविनतम कृषि प्रविधिहरुको प्रसार एवम् विस्तार हुन पुगेको छ।






- तरकारी खेतीका लागि संरक्षित संरचना निर्माण तथा तरकारी खेतीः

(Hi Tech-10, Semi Hi Tech - 124, Plastic House/Tunnel -5495), Plastic Mulching, Drip Irrigation/Micri irrigation, Off-Season production.





- फलफूल बालीमा स्क्रिन हाउसः

फलफूल बालीमा स्क्रिन हाउस सहितको नर्सरी (५०१), उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार, पुराना बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

- मत्स्य मूल्य श्रृङ्खलाः

माछा मूल्य श्रृङ्खलामा माछा पोखरी निर्माण तथा आधुनिक यन्त्र उपकरण सहयोग, आइस प्लान्ट निर्माण, जिँउदो माछा पसल (६४) स्थापना, माछा प्रशोधन, मत्स्य दाना उद्योग स्थापनामा सहयोग जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका छन्।






- केरा बालीको मूल्य श्रृङ्खलाः

केरा बालीको मूल्य श्रृङ्खला अन्तर्गत राइपेनिङ्ग च्याम्बर (१५), ड्रिप इरिगेसन सहितको नमूना बगैंचा स्थापना, G9 जातको केरा बालीको क्षेत्रफल विस्तार, सिँचाइ, बजारिकरण लगायतका क्षेत्रमा कार्यक्रम सञ्चालन भइरहेको छ।

- स्याउ/ओखर बालीका कार्यक्रमहरुः

स्याउ बालीमा High Density Planting (६२ हे.) स्याउ तथा ओखरको क्षेत्रफल विस्तार, स्याउ प्रशोधन, बजारिकरणको लागि कार्टुन वितरण, उच्च घनत्वको स्याउ बालीमा थाँक्रामा सहयोग जस्ता कार्यक्रमहरु गरिएका छन्।





- आलु बाली विकास कार्यक्रमहरुः

आलु बालीमा PBS उत्पादन (स्क्रिन हाउस ८), उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार ३३५५ हे., रस्टिक स्टोर (६८ वटा), आलु चिप्स उद्योग (१० वटा) स्थापनामा सहयोग जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।

- धान बालीमा प्रवर्द्धन गरिएका गतिविधीहरुः
  - ➢ चैतेधान क्षेत्रफल विस्तार -११३६० हे.
  - ➢ हर्दिनाथ-१, चैते-५ क्षेत्रफल विस्तार
  - ➢ कृषि यान्त्रिकीकरण- सामुदायिक नर्सरी स्थापना, अर्लि ट्रान्सप्लान्टिङ्ग, धान रोप्ने मेशिन (१६ वटा) द्वारा धान रोपाइ
  - ➢ बीउ प्रशोधन केन्द्र-८६ वटा

- मकै बाली विकास कार्यक्रमः

मकै बालीमा हिँउदे तथा वसन्ते मकै क्षेत्र विस्तार, बिज वृद्धि, हाइब्रिड मकै बीउ उत्पादन, यान्त्रिकीकरण (सिड ड्रिल, हार्भेस्टर, थ्रेसर, ड्रायर आदि)।






- नविनतम तथा अभियानमूलक कार्यक्रमः

चितवन तथा धादिङका कृषि फार्महरुमा Precision Agriculture प्रविधि जडान तथा प्रदर्शनमा सहजीकरण गरिएको।

प्रोटिन बेटको प्रयोग गरि जुनारमा फल कुहाउने औसा (Bactocera minax) को नियन्त्रण गरिएको (सिन्धुलीको जुनारमा औंसा किराको प्रकोपबाट ६० प्रतिशत सम्म क्षति भई कृषक पलायन हुन थालेकोमा परियोजनाले सञ्चालन गरेको नियन्त्रण अभियान पश्चात हाल क्षेती १ प्रतिशत आसपास रहेको छ।



- न्यूनतम समर्थन मूल्यको कार्यान्वयन

न्यूनतम समर्थन मूल्यको कार्यान्वयनमा परियोजनाले प्रत्यक्ष भूमिका खेलेको छ। सहकारी परिचालन मार्फत हालसम्म ४० हजार मे.टन भन्दा बढी धान कारोबारमा परियोजनाले सहयोग गरेको छ।

- समुह पद्दतिको कृष प्रसार प्रणाली

समुह पद्दतिको कृष प्रसार प्रणाली हुँदै बहुआयामिक प्रसार प्रणाली स्थापित गराउन परियोजनाले विशेष योगदान गरेको छ।

- लाभान्वित वर्गको सहभागिता सुनिश्चित

योजना तर्जुमा, लाभग्राही छनौट, कार्यक्रम कार्यन्वयन तथा अनुगमन कार्यमा लाभान्वित वर्गको सहभागित सुनिश्चित गरिएको (हाल २२७ वटा जोन/सुपरजोन सञ्चालन समन्वय समितीहरु क्रियाशिल रहेको) छ।

- कृषिमा औधोगिकीकरण

कृषिलाई उद्योगसँग जोड्न शुरुवात भई केही कृषिजन्य उद्योगहरु स्थापना भई सञ्चालनमा आएका छन्।प्राथमिक प्रशोधन उद्योग (१३६ वटा), आलु चिप्स उद्योग (१०), गोदाम घर निर्माण (३२ वटा), बीउ स्रोत केन्द्र स्थापना (८६) मा सहयोग गरिएको छ।







## ४.८ परियोजना कार्यान्वयन पश्चातका अवसर तथा चुनौतीहरु

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको हालसम्मको कार्यान्वयनबाट नेपाली कृषि क्षेत्रमा केही सकारात्मक परिवर्तनहरु महसुस गरिएका छन्। सङ्घीयता कार्यान्वयन पछिको सङ्क्रमणकालमा राज्यसँग कृषकलाई जोड्ने एक महत्त्वपुर्ण परियोजनाको रुपमा परियोजनाले योगदान गरेको छ। सरकारको आफ्नै स्रोत, साधन र जनशक्ति मार्फत पनि परियोजना सञ्चालन गर्न सकिन्छ भन्ने मानक यस परियोजनाले स्थापित गरेको छ। निम्न वर्गिय कृषकहरुको आर्थिक अवस्था सुधार, उन्नत बीउ तथा बिरुवाको प्रयोग अभिवृद्धि, साना सिँचाइको कारण कृषि उत्पादनमा वृद्धि, मूख्य बाली वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, कृषि यान्त्रिकरण, बाली चक्रमा सुधार आदि परियोजनाका प्रभावी पक्षहरु देखिएको छ।

राष्ट्रिय नितीहरुको कार्यान्वयन, राष्ट्रिय लक्ष्य प्राप्ति, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुसँग परियोजनाको तादाम्यता रहेको छ। राष्ट्रिय औसत उत्पादकत्व तथा पन्ध्रौ योजनाको लक्ष्यको तुलनामा परियोजनाका विशिस्टिकृत क्षेत्रहरुको उत्पादकत्व धेरै रहेको छ। परियोजना बाहेकका कृषकको तुलनामा परियोजना सहितका तथा परियोजना पहिलेको तुलनामा परियोजना पश्चातको उत्पादन र उत्पादकत्व दुवै बढी देखिएको छ। जोन सुपरजोनका कार्यक्रमहरु यान्त्रिकरणमा केन्द्रित भइ ३५ प्रतिशतसम्म लागत न्यूनिकरण भएको छ। परियोजनाको आन्तरिक आयदर (IRR) २० प्रतिशत भन्दा धेरै भएकाले परियोजनामा गरिएको लगानिको प्रतिफल सहजै प्राप्त भइ स्रोतको सदुपयोग भएको पुष्टि समेत भएको छ। परियोजनाबाट प्रवाह भएको समग्र सेवाको पहुँच र गुणस्तर सम्बन्धमा लाभग्राही कृषकहरुको सकारात्मक धारणा रहेको छ। समग्रमा परियोजनाले निर्वाहमुखी खेती प्रणालीलाई यान्त्रिकीकरण तथा प्रविधी प्रसारको माध्यमबाट आधुनिकीकरण तथा व्यवसायिकरण गर्न महत्वपुर्ण भुमिका खेलेको छ।

सकारात्मक सुधार हुँदै गर्दा पनि परियोजनाका केही लक्ष्य तथा अपेक्षित उपलब्धिहरु हाँसिल हुन बाँकी देखिएको छ। जोन तथा सुपरजोन विकास कार्यक्रममा बजारीकरण, औद्योगिकीकरण र निर्यात अभिवृद्धिमा थप केन्द्रित हुनु पर्ने देखिएको छ। ठूला प्रशोधनका कार्यक्रमहरु पर्याप्त मात्रामा अगाडि बढाउन सकिएको छैन। पकेट र ब्लक कार्यक्रम सञ्चालन परियोजनाको व्यवस्थापकिय नियन्त्रणमा रहन नसक्दा परियोजनाको सम्भाग बीचको समन्व्य फितलो हुन पुगेको छ। परियोजना दस्तावेज बमोजिमको प्रक्षेपित लगानी परियोजनामा विनियोजन हुन नसक्दा उपलब्ध सामान्य लगानीबाट निर्यात प्रवर्द्धन, बजारिकरण, मूल्य अभिबृद्धि र प्रतिस्पर्धात्मकतामा पर्याप्त हस्तक्षेप हुन सकिरहेको छैन।

परियोजनाबाट छोटो अवधिको आर्थिक तथा प्राविधिक सहयोगले सम्भागहरु स्थापना भए तापनि थप परिपक्व बनाई स्वःसञ्चालन हुन सक्ने अवस्थासम्म पुर्याउनु आवश्यक देखिएको छ। त्यसै गरि विशिस्टीकृत उत्पादन क्षेत्रहरु हालसम्म मूल्य श्रृङ्खलामा पूर्ण आवद्ध भई नसकेकोले सङ्घिय सरकारको कुनै न कुनै प्रकारको सहयोग नहुँदा कार्यक्रमहरुको स्वःसञ्चालन नहुने अवस्था देखिएको छ। कार्यक्रमले निरन्तरता नपाउने हो भने हालसम्मको लगानी र योगदान खेर जाने जोखिमसमेत उत्तिकै रहेको छ। अतः कार्यान्वयन क्रममा प्राप्त उपलब्धिहरुलाई स्वःसञ्चालनको तहमा पुर्याउदै हाँसिल हुन बाँकी रहेका लक्ष्य एवम् उद्देश्य हाँसिल गर्न परियोजनालाई निरन्तरता दिनु अपरिहार्य भएको छ। परियोजनाको निरन्तरताले स्थानीय तह तथा प्रदेश सरकारको कृषि कार्यक्रम कार्यान्वयनमा, कृषि जनशक्तिको क्षमता विकास तथा प्राविधिक मार्गदर्शनमा सहजीकरण एवम् समन्वय गरी सङ्घिय एकाइको रुपमा अभिभावकीय भूमिकासमेत प्रदान गर्ने अवसर देखिएको छ।

# सन्दर्भ सामग्रीः


- कृषि डायरी, २०८२
- pmamp.gov.np
- वार्षिक तथ्यांक पुस्तिका २०७७/०७८, कृषि ज्ञान केन्द्र, धनुषा, जनकपुरधाम
- वार्षिक तथ्यांक पुस्तिका २०७८/०७९, कृषि ज्ञान केन्द्र, धनुषा, जनकपुरधाम
- वार्षिक तथ्यांक पुस्तिका २०७९/०८०, कृषि ज्ञान केन्द्र, धनुषा, जनकपुरधाम
- परियोजना कार्यान्वयन अवस्था तथा हालसम्मका उपलब्धिहरु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर

# ब्लक कार्यक्रमका झलकहरु









नेपाल जस्तो कृषिप्रधान देशको आर्थिक समृद्धिको मूल आधार नै कृषि क्षेत्रको आधुनिकीकरण हो। परम्परागत र निर्वाहमुखी खेती प्रणालीमा नै रुमल्लिइरहेको नेपाली कृषिलाई व्यावसायिक, नाफामूलक र औद्योगिक रूपमा रूपान्तरण गर्नु आजको प्रमुख राष्ट्रिय आवश्यकता र चुनौती दुवै हो। राष्ट्रिय कृषि गणना २०७८ ले देखाएको कृषि जमिनको तीव्र खण्डीकरण र सीमित स्रोत-साधनका बीच कृषि क्षेत्रको एकीकृत एवं विशिष्टीकृत विकास गर्नु अपरिहार्य भइसकेको छ।

यसै सन्दर्भमा, मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषाद्वारा प्रकाशित यो "ब्लकहरूको प्रगति विवरण पुस्तिका (आ.व. २०८२/०८३)" केवल तथ्याङ्कहरूको सङ्ग्रह मात्र होइन, बरु आगामी दिनका लागि एउटा रणनीतिक मार्गदर्शन र मार्गचित्र पनि हो। मधेश प्रदेशलाई कृषिको सबल औद्योगिक केन्द्र बनाउने हाम्रो साझा अभियानमा यो पुस्तिका एक महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्नेछ र यसले आगामी दिनमा कृषिको आधुनिक यात्रालाई थप उचाइमा पुऱ्याउनेछ भन्ने पूर्ण विश्वास राख्दछौँ।अन्त्यमा, मधेश प्रदेशको समग्र कृषि क्षेत्रको वास्तविक ऐना र भावी मार्गचित्रको रूपमा रहेको यो महत्वपूर्ण दस्तावेज सफलतापूर्वक तयार गरी प्रकाशन गर्न पाएकोमा मलाई निकै हर्ष, गौरव र आत्मसन्तुष्टिको अनुभूति भएको छ।



**किरण विश्वकर्मा**
बागवानी विकास अधिकृत, सातौं
कृषि विकास निर्देशनालय
नक्टाझिज, धनुषा

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## नक्टाझिज, धनुषा

**सम्पर्क नं.+९७७ ४१५९१७९४**

ईमेलः addprov2dhanusha@gmail.com    वेबसाईटः add.madhesh.gov.np